तिमीहरू मध्ये कसैको वुजू भङ्ग भएमा, पुनः वुजू नगरेसम्म अल्लाहले उसको नमाज स्वीकार गर्नुहुन्न।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरू मध्ये कसैको वुजू भङ्ग भएमा, पुनः वुजू नगरेसम्म अल्लाहले
उसको नमाज स्वीकार गर्नुहुन्न।" [सही] [मुत्तफकुन अलैहि]

यस हदीसमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ कि नमाज सही हुने सर्तहरू मध्ये एक तहारत (शुद्धता,वुजू) हो । तसर्थ, जसको वुजू पिसाब, दिसा, निद्रा आदि कारणले भङ्ग भएको छ र नमाज पढ्न चाहन्छ भने उसले अनिवार्य रुपमा पुनः वुजू गर्नुपर्दछ ।

http://www.sunnah.global/hadeeth/ne/show/3534